**अनुसूची-२**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

चुमनुब्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : २० मिति : २०८३/०६/१३

**भाग-२**

## चुमनुब्री गाउँपालिकाको खानेपानी तथा सरसफाइ मापदण्ड, २०८३

**चुमनुब्री गाउँपालिका**
**सिर्दिवास, गोरखा**
**गण्डकी प्रदेश**

<u>प्रस्तावना</u>

नेपालको संविधानले स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचलाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, खानेपानी तथा सरसफाइ ऐन, २०७९ तथा प्रचलित अन्य कानूनले स्थानीय तहलाई खानेपानी तथा सरसफाइसम्बन्धी सेवा, योजना, मापदण्ड, नियमन तथा व्यवस्थापनको जिम्मेवारी प्रदान गरेको र राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ लागू रहेको सन्दर्भमा चुमनुब्री गाउँपालिकाभित्र सुरक्षित, स्वच्छ, पर्याप्त, गुणस्तरीय तथा भरपर्दो खानेपानी सेवा उपलब्ध गराउन आवश्यक भएको छ ।

चुमनुब्री गाउँपालिकाको उच्च हिमाली भौगोलिक अवस्था, छरिएका तथा दुर्गम बस्ती, मौसमी पानीका स्रोत, हिमपात, हिमपहिरो, बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्को जोखिम, पर्यटन गतिविधि तथा सीमित पूर्वाधारलाई समेत ध्यानमा राखी खानेपानीका स्रोतको संरक्षण, खानेपानी प्रणालीको दिगो सञ्चालन तथा मर्मतसम्भार, पूर्ण सरसफाइ, फोहोरमैला तथा फोहोरपानी व्यवस्थापन र स्वच्छता प्रवर्द्धन गरी जनस्वास्थ्य तथा वातावरण संरक्षण गर्ने उद्देश्यले यो मापदण्ड जारी गरिएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस मापदण्डको नाम "चुमनुब्री गाउँपालिकाको खानेपानी तथा सरसफाइ मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

### २. उद्देश्य

यस मापदण्डका उद्देश्य देहायबमोजिम हुनेछन् :—

(क) सबै नागरिकलाई सुरक्षित, स्वच्छ, पर्याप्त तथा गुणस्तरीय खानेपानीमा पहुँच सुनिश्चित गर्ने,

(ख) खानेपानीका स्रोतको संरक्षण तथा दिगो उपयोग गर्ने,

(ग) खानेपानीजन्य रोग तथा प्रदूषणको जोखिम न्यूनीकरण गर्ने,

(घ) गाउँपालिकामा पूर्ण सरसफाइको अवस्था कायम गर्ने,

(ङ) सुरक्षित शौचालय, फोहोरमैला तथा फोहोरपानी व्यवस्थापनलाई व्यवस्थित गर्ने,

(च) व्यक्तिगत, घरायसी तथा सामुदायिक स्वच्छता प्रवर्द्धन गर्ने,

(छ) खानेपानी आयोजनाको दिगो सञ्चालन तथा मर्मतसम्भार सुनिश्चित गर्ने,

(ज) विद्यालय, स्वास्थ्य संस्था, कार्यालय, सार्वजनिक तथा पर्यटकीय स्थलमा WASH सुविधा सुधार गर्ने,

(झ) चुमनुब्रीको भौगोलिक तथा प्राकृतिक विपद्को जोखिमअनुकूल खानेपानी तथा सरसफाइ प्रणाली विकास गर्ने।

### ३. कार्यक्षेत्र

(१) यो मापदण्ड चुमनुब्री गाउँपालिकाको सम्पूर्ण क्षेत्रभित्र लागू हुनेछ।

(२) गाउँपालिकाभित्र सञ्चालन हुने सरकारी, सामुदायिक, संस्थागत, सार्वजनिक, निजी तथा पर्यटनसम्बन्धी खानेपानी तथा सरसफाइ सेवा र पूर्वाधारमा यो मापदण्ड लागू हुनेछ।

(३) गाउँपालिकाबाट निर्माण, सञ्चालन वा व्यवस्थापन गरिएका तथा गाउँपालिकाको सहयोगमा सञ्चालन हुने खानेपानी तथा सरसफाइ आयोजनाले यस मापदण्ड पालना गर्नुपर्नेछ।

**४. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,–

(क) "गाउँपालिका" भन्नाले चुमनुब्री गाउँपालिका सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले चुमनुब्री गाउँ कार्यपालिका सम्झनुपर्छ।

(ग) "अध्यक्ष" भन्नाले चुमनुब्री गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(घ) "खानेपानी" भन्नाले मानिसले पिउन, खाना पकाउन, व्यक्तिगत सरसफाइ तथा दैनिक प्रयोजनमा प्रयोग गर्न योग्य सुरक्षित पानी सम्झनुपर्छ।

(ङ) "सुरक्षित खानेपानी" भन्नाले राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड तथा प्रचलित कानूनबमोजिम मानव स्वास्थ्यका लागि हानिकारक तत्व तथा जीवाणुबाट सुरक्षित खानेपानी सम्झनुपर्छ।

(च) "खानेपानी स्रोत" भन्नाले मुहान, कुवा, इनार, धारा, खोला, नदी, ताल, भूमिगत पानी, वर्षात्को पानी वा अन्य स्वीकृत पानीको स्रोत सम्झनुपर्छ।

(छ) "सरसफाइ" भन्नाले शौचालयको प्रयोग तथा व्यवस्थापन, फोहोरमैला, फोहोरपानी तथा ढल व्यवस्थापन, व्यक्तिगत तथा वातावरणीय स्वच्छतासहित रोग तथा प्रदूषणबाट सुरक्षित रहने सम्पूर्ण कार्य तथा व्यवहार सम्झनुपर्छ।

(ज) "WASH" भन्नाले Water, Sanitation and Hygiene अर्थात् खानेपानी, सरसफाइ तथा स्वच्छता सम्झनुपर्छ।

(झ) "उपभोक्ता समिति" भन्नाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापनका लागि प्रचलित कानूनबमोजिम गठन भएको समिति सम्झनुपर्छ।

(ञ) "सेवा प्रदायक" भन्नाले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने सार्वजनिक, सामुदायिक वा अन्य स्वीकृत निकाय सम्झनुपर्छ।

(ट) "पूर्ण सरसफाइ" भन्नाले यस मापदण्डमा तोकिएका सुरक्षित शौचालय, व्यक्तिगत तथा घरायसी सरसफाइ, सुरक्षित खानेपानी, फोहोरमैला तथा फोहोरपानी व्यवस्थापन र वातावरणीय स्वच्छताका सूचक पूरा भएको अवस्था सम्झनुपर्छ।

## परिच्छेद—२

## खानेपानीसम्बन्धी मापदण्ड

**५. खानेपानीको गुणस्तर**

(१) गाउँपालिकाभित्र वितरण वा प्रयोग हुने खानेपानी सुरक्षित, स्वच्छ तथा स्वास्थ्यका दृष्टिले उपयुक्त हुनुपर्नेछ।

(२) खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ तथा त्यसमा समय—समयमा भएको संशोधनबमोजिम कायम गरिनेछ।

(३) खानेपानी परीक्षण गर्दा आवश्यकता अनुसार भौतिक, रासायनिक तथा सूक्ष्मजीवसम्बन्धी परीक्षण गरिनेछ।

(४) पानीमा E. coli शून्य कायम गर्ने लक्ष्य राखिनेछ।

(५) पानीको स्रोतको प्रकृति, भौगोलिक अवस्था वा प्रदूषणको सम्भावनाका आधारमा आवश्यक थप परीक्षण गर्न सकिनेछ।

**६. खानेपानी आपूर्तिको न्यूनतम सेवा स्तर**

(१) सम्भव भएसम्म प्रत्येक घरधुरीमा सुरक्षित खानेपानीको धारा वा सुरक्षित पानीको पहुँच पुऱ्याइनेछ।

(२) भौगोलिक विकटता, छरिएको बस्ती, मौसमी स्रोत वा प्राविधिक कठिनाइका कारण घरधुरीसम्म धारा पुऱ्याउन तत्काल सम्भव नभएको अवस्थामा सार्वजनिक धारा वा अन्य सुरक्षित स्रोतबाट सेवा उपलब्ध गराउन सकिनेछ।

(३) खानेपानी प्रणालीको क्षमता तथा उपलब्ध स्रोतअनुसार पर्याप्त खानेपानी आपूर्ति गर्ने व्यवस्था गरिनेछ।

(४) खानेपानी आपूर्ति सकेसम्म नियमित र भरपर्दो बनाइनेछ।

(५) गाउँपालिकाले क्रमशः प्रति व्यक्ति प्रतिदिन न्यूनतम ४५ लिटर खानेपानी उपलब्ध हुने अवस्था कायम गर्ने लक्ष्य लिनेछ।

(६) प्राकृतिक विपद्, स्रोतको मौसमी कमी वा अन्य विशेष परिस्थितिमा उपलब्ध पानीको न्यायोचित वितरण तथा वैकल्पिक आपूर्तिको व्यवस्था गरिनेछ।

**७. एक घर एक धारा**

(१) गाउँपालिकाको दीर्घकालीन नीति "एक घर एक धारा" कायम गर्ने हुनेछ।

(२) अत्यन्त दुर्गम, छरिएको बस्ती, मौसमी बसोबास वा प्राविधिक रूपमा तत्काल सम्भव नभएका स्थानमा सार्वजनिक धारा वा सुरक्षित सामुदायिक पानीको स्रोतलाई वैकल्पिक व्यवस्थाका रूपमा प्रयोग गर्न सकिनेछ।

(३) नयाँ खानेपानी आयोजना निर्माण गर्दा सम्भव भएसम्म घरधुरीसम्मको पहुँचलाई प्राथमिकता दिइनेछ।

**८. खानेपानीको स्रोत संरक्षण**

(१) खानेपानीको मुहान तथा स्रोतलाई प्रदूषणबाट सुरक्षित राख्नुपर्नेछ।

(२) स्रोत तथा मुहान वरिपरि खुला दिसापिसाब गर्ने, फोहोर फाल्ने, पशु बाँध्ने वा चराउने तथा हानिकारक रासायनिक पदार्थ, विषादी वा मल प्रयोग गर्ने कार्य गर्न पाइने छैन।

(३) स्रोतको प्रकृति तथा भू—बनोटअनुसार प्राविधिक रूपमा आवश्यक संरक्षण क्षेत्र निर्धारण गरी संरक्षण गरिनेछ।

(४) सम्भव भएसम्म मुहान वरिपरि न्यूनतम ५० मिटर क्षेत्र संरक्षण गर्ने लक्ष्य राखिनेछ; तर भूगोल, जग्गाको अवस्था, स्रोतको प्रकार तथा प्राविधिक प्रतिवेदनका आधारमा उपयुक्त संरक्षण क्षेत्र निर्धारण गर्न सकिनेछ।

(५) स्रोत संरक्षणका लागि वृक्षरोपण, माटो संरक्षण, पानी पुनर्भरण, जैविक संरक्षण तथा अन्य वातावरणीय संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

## ९. खानेपानीको नियमित परीक्षण

(१) प्रत्येक खानेपानी प्रणालीको पानीको गुणस्तर कम्तीमा प्रत्येक छ महिनामा एक पटक परीक्षण गर्ने व्यवस्था गरिनेछ।

(२) बाढी, पहिरो, हिमपहिरो, मुहानमा प्रदूषण, महामारी, संरचनामा क्षति वा अन्य जोखिम देखिएमा तत्काल थप परीक्षण गर्नुपर्नेछ।

(३) परीक्षण मान्यताप्राप्त प्रयोगशाला वा उपलब्ध स्वीकृत परीक्षण विधिबाट गर्न सकिनेछ।

(४) परीक्षणको नतिजा सम्बन्धित खानेपानी आयोजनाको अभिलेखमा राख्नुपर्नेछ।

(५) पानीको गुणस्तर असुरक्षित देखिएमा तत्काल सुधार, शुद्धीकरण वा वैकल्पिक आपूर्तिको व्यवस्था गरिनेछ।

## १०. पानी शुद्धीकरण तथा सुरक्षित भण्डारण

(१) आवश्यकता अनुसार पानी उमालेर, फिल्टर गरेर, क्लोरिनेसन वा अन्य स्वीकृत विधिबाट शुद्धीकरण गर्न प्रोत्साहन गरिनेछ।

(२) घर तथा संस्थाले खानेपानी सफा र ढाकिएको भाँडामा सुरक्षित रूपमा भण्डारण गर्नुपर्नेछ।

(३) विद्यालय, स्वास्थ्य संस्था, होटल, होमस्टे तथा सार्वजनिक संस्थामा सुरक्षित खानेपानी भण्डारणको व्यवस्था हुनुपर्नेछ।

# परिच्छेद—३

# खानेपानी आयोजना सञ्चालन तथा मर्मतसम्भार

## ११. खानेपानी आयोजना सञ्चालन तथा मर्मतसम्भार

(१) निर्माण सम्पन्न भएका खानेपानी आयोजनाको नियमित सञ्चालन तथा मर्मतसम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति वा सेवा प्रदायकको हुनेछ।

(२) प्रत्येक आयोजनाले सम्भव भएसम्म नियमित मर्मतसम्भार तथा आकस्मिक मर्मतका लागि सञ्चालन तथा मर्मतसम्भार कोष स्थापना गर्नुपर्नेछ।

(३) उपभोक्ता समितिले वार्षिक रूपमा मर्मतसम्भार योजना तयार गर्नुपर्नेछ।

(४) मुख्य पाइप, ट्याङ्की, धारा, भल्भ, इन्टेक, फिल्टर तथा अन्य संरचनाको नियमित निरीक्षण गर्नुपर्नेछ।

(५) प्राकृतिक विपद्बाट आयोजना क्षतिग्रस्त भएमा तत्काल अस्थायी सेवा सञ्चालन र त्यसपछि स्थायी पुनःस्थापनाको व्यवस्था गरिनेछ।

## १२. उपभोक्ता समितिको जिम्मेवारी

उपभोक्ता समितिको मुख्य जिम्मेवारी देहायबमोजिम हुनेछ :—

(क) खानेपानी प्रणाली नियमित सञ्चालन गर्ने,

(ख) स्रोत तथा संरचनाको संरक्षण गर्ने,

(ग) पानीको गुणस्तर परीक्षणमा सहजीकरण गर्ने,

(घ) मर्मतसम्भार कोषको पारदर्शी व्यवस्थापन गर्ने,

(ङ) आम्दानी तथा खर्चको अभिलेख राख्ने,

(च) उपभोक्ताको गुनासो तथा समस्या समाधान गर्ने,

(छ) गाउँपालिकालाई आवश्यक विवरण तथा प्रतिवेदन उपलब्ध गराउने,

(ज) विपद् वा आपत्कालीन अवस्थामा वैकल्पिक पानी आपूर्तिको व्यवस्था गर्न सहयोग गर्ने।

## १३. मर्मतसम्भार कोष

(१) प्रत्येक खानेपानी आयोजनाले सम्भव भएसम्म सञ्चालन तथा मर्मतसम्भार कोष स्थापना गर्नुपर्नेछ।

(२) कोषमा उपभोक्ता योगदान, सेवा शुल्क, गाउँपालिका वा अन्य निकायबाट प्राप्त सहयोग तथा प्रचलित कानूनबमोजिम प्राप्त अन्य रकम जम्मा गर्न सकिनेछ।

(३) कोषको रकम खानेपानी प्रणालीको सञ्चालन, नियमित तथा आकस्मिक मर्मतसम्भारमा मात्र प्रयोग गरिनेछ।

(४) कोषको आय—व्यय पारदर्शी राखी उपभोक्तालाई सार्वजनिक गर्नुपर्नेछ।

# परिच्छेद—४

# सरसफाइ तथा स्वच्छता मापदण्ड

## १४. पूर्ण सरसफाइका सूचक

गाउँपालिकाले पूर्ण सरसफाइ कायम गर्न देहायका छ वटा मुख्य सूचकलाई आधार मान्नेछ :—

(क) शौचालयको उचित व्यवस्थापन तथा नियमित प्रयोग,

(ख) जोखिमपूर्ण अवस्थामा साबुनपानीले हात धुने,

(ग) व्यक्तिगत सरसफाइ,

(घ) घरायसी सरसफाइ,
(ङ) खानेपानीको सुरक्षित भण्डारण तथा शुद्धीकरण,
(च) वातावरणीय सरसफाइ।

**१५. शौचालयसम्बन्धी व्यवस्था**

(१) प्रत्येक घरधुरीमा कम्तीमा एक सुरक्षित तथा प्रयोगयोग्य शौचालय हुनुपर्नेछ।

(२) शौचालयको फोहोर तथा फोहोरपानीको सुरक्षित व्यवस्थापन गर्नुपर्नेछ।

(३) विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालय, होटल, होमस्टे तथा सार्वजनिक स्थलमा आवश्यक संख्यामा प्रयोगयोग्य शौचालयको व्यवस्था गर्नुपर्नेछ।

(४) सार्वजनिक, विद्यालय तथा कार्यालयका शौचालय सम्भव भएसम्म महिला, पुरुष तथा अपाङ्गतामैत्री हुनुपर्नेछ।

(५) महिलाका लागि सुरक्षित तथा गोपनीय महिनावारी स्वच्छता व्यवस्थापनको सुविधा उपलब्ध गराउन प्राथमिकता दिइनेछ।

**१६. खुला दिसामुक्त अवस्था**

(१) गाउँपालिका क्षेत्रलाई खुला दिसामुक्त अवस्था कायम राखिनेछ।

(२) खुला दिसापिसाब गर्ने कार्य नियन्त्रण तथा निरुत्साहित गरिनेछ।

(३) खुला दिसामुक्त अवस्थाको नियमित अनुगमन गरी दिगोपना कायम गरिनेछ।

**१७. फोहोरमैला व्यवस्थापन**

(१) घरधुरी, संस्था, होटल तथा व्यवसायले सम्भव भएसम्म फोहोरलाई जैविक र अजैविक रूपमा छुट्याउनुपर्नेछ।

(२) जैविक फोहोरलाई कम्पोष्ट वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन गर्न प्रोत्साहन गरिनेछ।

(३) पुनःप्रयोग वा पुनर्चक्रण गर्न मिल्ने फोहोरलाई सोहीअनुसार व्यवस्थापन गरिनेछ।

(४) प्लास्टिक, बोतल, धातु तथा अन्य अजैविक फोहोरलाई जलस्रोत, पदमार्ग, नदी तथा सार्वजनिक स्थलमा फाल्न पाइने छैन।

(५) हिमाली तथा दुर्गम क्षेत्रमा फोहोर संकलन, भण्डारण, ढुवानी तथा अन्तिम व्यवस्थापनका लागि गाउँपालिकाले स्थानीय अवस्था सुहाउँदो प्रणाली निर्धारण गर्न सक्नेछ।

**१८. फोहोरपानी तथा ढल व्यवस्थापन**

(१) घर, शौचालय, होटल, होमस्टे तथा अन्य संरचनाबाट निस्कने फोहोरपानीको सुरक्षित व्यवस्थापन गर्नुपर्नेछ।

(२) फोहोरपानी खुला रूपमा बगाउन वा खानेपानीको स्रोतमा मिसाउन पाइने छैन।

(३) आवश्यकता अनुसार सेप्टिक ट्याङ्क, सोकपिट, सुरक्षित निकास वा अन्य उपयुक्त प्रणाली प्रयोग गर्नुपर्नेछ।

(४) ढल तथा फोहोरपानी व्यवस्थापन गर्दा जलस्रोत, बस्ती तथा वातावरण प्रदूषित हुन नदिने व्यवस्था गर्नुपर्नेछ।

## परिच्छेद—५

## व्यक्तिगत, संस्थागत तथा पर्यटकीय सरसफाइ

### १९. व्यक्तिगत तथा घरायसी स्वच्छता

(१) खाना खानुअघि तथा शौचालय प्रयोग गरेपछि साबुनपानीले हात धुने व्यवहार प्रवर्द्धन गरिनेछ।

(२) शरीर, कपडा, नङ, घरआँगन तथा वरपरको वातावरण सफा राख्नुपर्नेछ।

(३) सुरक्षित खानेपानी मात्र पिउने तथा प्रयोग गर्ने व्यवहार प्रवर्द्धन गरिनेछ।

### २०. विद्यालय तथा स्वास्थ्य संस्थाको WASH

(१) प्रत्येक विद्यालय तथा स्वास्थ्य संस्थामा सुरक्षित खानेपानी, प्रयोगयोग्य शौचालय र हात धुने सुविधा उपलब्ध गराउन प्राथमिकता दिइनेछ।

(२) विद्यालय तथा स्वास्थ्य संस्थामा महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिमैत्री सरसफाइ सुविधा विकास गरिनेछ।

(३) विद्यालयमा खानेपानी तथा सरसफाइसम्बन्धी व्यवहार परिवर्तन कार्यक्रम सञ्चालन गरिनेछ।

### २१. पर्यटन क्षेत्रको सरसफाइ

(१) होटल, होमस्टे, लज, रेष्टुरेन्ट तथा अन्य पर्यटकीय व्यवसायले सुरक्षित खानेपानी तथा स्वच्छ शौचालयको व्यवस्था गर्नुपर्नेछ।

(२) पर्यटकीय क्षेत्र, पदमार्ग, विश्रामस्थल, शिविर तथा सार्वजनिक स्थलमा फोहोर व्यवस्थापनको उचित व्यवस्था गर्नुपर्नेछ।

(३) पर्यटकीय गतिविधिबाट खानेपानीका स्रोत, नदी, खोला तथा वातावरण प्रदूषित हुन नदिने व्यवस्था गर्नुपर्नेछ।

(४) गाउँपालिकाले आवश्यकता अनुसार पर्यटकीय क्षेत्रमा "फोहोर आफूसँगै फिर्ता लैजाने", वर्गीकरण तथा सुरक्षित व्यवस्थापनको व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद—६

## विपद् तथा विशेष परिस्थितिमा खानेपानी र सरसफाइ

### २२. विपद्को समयमा खानेपानी व्यवस्था

(१) बाढी, पहिरो, हिमपहिरो, भूकम्प, मुहान सुक्ने, पाइपलाइनमा क्षति वा अन्य विपद्का कारण नियमित खानेपानी सेवा अवरुद्ध भएमा वैकल्पिक खानेपानीको व्यवस्था गरिनेछ।

(२) विपद्को समयमा सुरक्षित पानीको स्रोत पहिचान, शुद्धीकरण, भण्डारण तथा वितरणलाई प्राथमिकता दिइनेछ।

(३) विपद्पछि प्रभावित खानेपानी स्रोतको तत्काल निरीक्षण तथा आवश्यक गुणस्तर परीक्षण गरिनेछ।

**२३. आपत्कालीन खानेपानी तथा सरसफाइ योजना**

गाउँपालिकाले आवश्यकता अनुसार प्रत्येक वडा वा जोखिमयुक्त बस्तीका लागि आपत्कालीन खानेपानी तथा सरसफाइ योजना तयार गर्न सक्नेछ।

## परिच्छेद–७

## संस्थागत व्यवस्था, अनुगमन तथा गुनासो

**२४. गाउँपालिकाको जिम्मेवारी**

गाउँपालिकाको जिम्मेवारी देहायबमोजिम हुनेछ :—

(क) खानेपानी तथा सरसफाइसम्बन्धी नीति, योजना तथा कार्यक्रम तयार गर्ने,

(ख) सुरक्षित खानेपानी तथा सरसफाइ सेवाको विस्तार गर्ने,

(ग) पानीको गुणस्तर परीक्षण तथा अनुगमन गर्ने,

(घ) स्रोत संरक्षण तथा वातावरणीय स्वच्छता प्रवर्द्धन गर्ने,

(ङ) उपभोक्ता समिति तथा सेवा प्रदायकको क्षमता विकास गर्ने,

(च) विपद्को समयमा वैकल्पिक खानेपानीको व्यवस्था गर्ने,

(छ) आवश्यक प्राविधिक तथा संस्थागत सहयोग उपलब्ध गराउने,

(ज) यस मापदण्डको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने।

**२५. वडा कार्यालयको जिम्मेवारी**

(१) वडा कार्यालयले आफ्नो क्षेत्रमा खानेपानी तथा सरसफाइको अवस्थाको नियमित अनुगमन गर्नेछ।

(२) खानेपानी स्रोत, आयोजना, शौचालय, फोहोरमैला तथा सरसफाइसम्बन्धी समस्या गाउँपालिकामा जानकारी गराउनेछ।

(३) उपभोक्ता समिति तथा समुदायलाई मापदण्ड कार्यान्वयनमा सहजीकरण गर्नेछ।

**२६. अनुगमन तथा मूल्याङ्कन**

(१) यस मापदण्डको कार्यान्वयनको कम्तीमा त्रैमासिक रूपमा अनुगमन गरिनेछ।

(२) खानेपानीको गुणस्तर, पानीको पहुँच, स्रोत संरक्षण, आयोजना सञ्चालन तथा मर्मतसम्भार, शौचालय, फोहोरमैला, फोहोरपानी तथा स्वच्छताको अवस्थाको अनुगमन गरिनेछ।

(३) प्रत्येक आर्थिक वर्षमा वार्षिक मूल्याङ्कन गरी आवश्यक सुधारका उपाय अवलम्बन गरिनेछ।

(४) अनुगमन तथा मूल्याङ्कनको अभिलेख गाउँपालिकाले व्यवस्थित रूपमा राख्नेछ।

**२७. गुनासो तथा सुझाव**

(१) खानेपानी तथा सरसफाइ सेवासम्बन्धी गुनासो वडा कार्यालय, गाउँपालिका वा सम्बन्धित उपभोक्ता समितिमा दर्ता गर्न सकिनेछ।

(२) प्राप्त गुनासोको आवश्यक जाँच गरी यथाशीघ्र समाधान गर्ने व्यवस्था गरिनेछ।

## परिच्छेद—८

## प्रोत्साहन, कारबाही तथा विविध

**२८. प्रोत्साहन**

(१) उत्कृष्ट खानेपानी तथा सरसफाइ अभ्यास गर्ने घरधुरी, विद्यालय, संस्था, टोल, वडा वा समुदायलाई गाउँपालिकाले प्रचलित कानूनबमोजिम सम्मान तथा प्रोत्साहन गर्न सक्नेछ।

(२) पूर्ण सरसफाइ कायम राख्ने तथा खानेपानी स्रोत संरक्षणमा उत्कृष्ट कार्य गर्ने समुदायलाई प्राथमिकताका आधारमा प्रोत्साहन गर्न सकिनेछ।

**२९. उल्लङ्घन तथा कारबाही**

(१) खानेपानीको स्रोत प्रदूषित गर्ने, सार्वजनिक स्थलमा जथाभावी फोहोर फाल्ने, खुला दिसापिसाब गर्ने वा यस मापदण्डविपरीत अन्य कार्य गर्ने व्यक्तिलाई प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानूनबमोजिम कारबाही गरिनेछ।

(२) यस मापदण्डले आफैंले नयाँ कसूर वा जरिवाना सिर्जना गरेको मानिने छैन।

(३) कुनै कार्यका लागि अन्य प्रचलित कानूनमा दण्ड वा जरिवानाको व्यवस्था भएकोमा सोही कानूनबमोजिम हुनेछ।

**३०. राष्ट्रिय तथा प्रदेश मापदण्ड पालना**

(१) यस मापदण्डमा उल्लेख नभएका विषयमा प्रचलित संघीय तथा प्रदेश कानून लागू हुनेछ।

(२) खानेपानीको गुणस्तर सम्बन्धमा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ तथा त्यसमा समय–समयमा भएको संशोधन लागू हुनेछ।

(३) यस मापदण्डको कुनै व्यवस्था संघीय वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून लागू हुनेछ।

**३१. प्राविधिक निर्देशिका तथा कार्यविधि बनाउन सकिने**

यस मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार देहायका विषयमा छुट्टै कार्यविधि, निर्देशिका वा प्राविधिक मापदण्ड बनाउन सक्नेछ :—

(क) खानेपानी आयोजना डिजाइन तथा निर्माण,

(ख) पानीको गुणस्तर परीक्षण,

(ग) उपभोक्ता समिति सञ्चालन तथा मर्मतसम्भार,

(घ) खानेपानी सञ्चालन तथा मर्मतसम्भार कोष,
(ङ) फोहोरमैला तथा फोहोरपानी व्यवस्थापन,
(च) विपद्को समयमा खानेपानी व्यवस्थापन,
(छ) पर्यटकीय क्षेत्रमा WASH व्यवस्थापन।

**३२. मापदण्ड पुनरावलोकन**

(१) यस मापदण्डलाई आवश्यकता अनुसार प्रत्येक तीन वर्षमा पुनरावलोकन गरिनेछ।

(२) संघीय वा प्रदेश कानून, राष्ट्रिय मापदण्ड वा प्राविधिक मापदण्डमा महत्वपूर्ण परिवर्तन भएमा सोहीअनुसार तत्काल पुनरावलोकन गर्न सकिनेछ।

**३३. बाधा अड्काउ फुकाउने**

यस मापदण्डको कार्यान्वयनमा कुनै व्यावहारिक बाधा उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

**३४. बचाउ**

यस मापदण्डमा व्यवस्था भएका विषयमा यसैबमोजिम र व्यवस्था नभएका विषयमा प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानूनबमोजिम हुनेछ।

## अनुसूची—१

## खानेपानी तथा सरसफाइ अनुगमनका न्यूनतम सूचक

| क्र.सं. | अनुगमन सूचक |
|---|---|
| १ | सुरक्षित खानेपानीमा पहुँच |
| २ | पानीको गुणस्तर परीक्षण |
| ३ | E. coli को अवस्था |
| ४ | खानेपानी स्रोतको संरक्षण |
| ५ | नियमित पानी आपूर्ति |
| ६ | एक घर एक धारा/सुरक्षित पानीको पहुँच |
| ७ | आयोजना सञ्चालन तथा मर्मतसम्भार |
| ८ | मर्मतसम्भार कोषको अवस्था |
| ९ | सुरक्षित शौचालयको उपलब्धता |
| १० | खुला दिसापिसाबको अवस्था |
| ११ | साबुनपानीले हात धुने सुविधा |
| १२ | खानेपानीको सुरक्षित भण्डारण |
| १३ | घर तथा व्यक्तिगत सरसफाइ |
| १४ | फोहोरमैला व्यवस्थापन |
| १५ | फोहोरपानी तथा ढल व्यवस्थापन |
| १६ | विद्यालय तथा स्वास्थ्य संस्थाको WASH अवस्था |
| १७ | सार्वजनिक स्थलको सरसफाइ |
| १८ | पर्यटकीय क्षेत्रको सरसफाइ |
| १९ | विपद्को समयमा वैकल्पिक खानेपानीको व्यवस्था |
| २० | समुदायको गुनासो तथा सुधारको अवस्था |

## अनुसूची—२

## खानेपानी गुणस्तर परीक्षणसम्बन्धी व्यवस्था

(१) खानेपानीको नियमित परीक्षण गर्दा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ बमोजिम आवश्यक भौतिक, रासायनिक तथा सूक्ष्मजीव सम्बन्धी परीक्षण गरिनेछ।

(२) सामान्य अवस्थामा कम्तीमा प्रत्येक छ महिनामा एक पटक परीक्षण गरिनेछ।

(३) स्रोत वा वितरण प्रणालीमा प्रदूषणको जोखिम देखिएमा थप परीक्षण गरिनेछ।

(४) परीक्षणमा पानी असुरक्षित देखिएमा तत्काल कारण पहिचान गरी शुद्धीकरण, मर्मत, वैकल्पिक आपूर्ति वा अन्य आवश्यक सुधारको व्यवस्था गरिनेछ।

(५) परीक्षणको नतिजा सम्बन्धित खानेपानी आयोजनाको अभिलेखमा राखिनेछ।

## अनुसूची—३

## पूर्ण सरसफाइका न्यूनतम सूचक

१. सुरक्षित तथा प्रयोगयोग्य शौचालय,
२. खुला दिसामुक्त व्यवहार,
३. जोखिमपूर्ण अवस्थामा साबुनपानीले हात धुने,
४. सुरक्षित खानेपानीको प्रयोग,
५. खानेपानीको सुरक्षित भण्डारण तथा शुद्धीकरण,
६. व्यक्तिगत सरसफाइ,
७. घरायसी सरसफाइ,
८. फोहोरमैला व्यवस्थापन,
९. फोहोरपानी तथा ढल व्यवस्थापन,
१०. वातावरणीय स्वच्छता।